# राष्ट्रियआविस्कार केन्द्र नेपाल लाई पुन समाज यु.के. को सहयोग

राष्ट्रिय आविस्कार केन्द्र नेपालका संस्थापक अध्यक्ष डा. महाबिर पुन करिब् दुई महिने युरोप भ्रमणको क्रममा हुनुहुन्छ । पहिलो चरणको बेलायत भ्रमणको अवसरमा पुन समाज यु.के. ले २४ अप्रिल २०२२ को दिन लण्डनको ह्यारो स्थित गोल्डेन सिप रेस्टुरेन्टको सभा कक्षमा स्वागत सम्मान सहित् अन्तर्कृया कार्यक्रमको आयोजना गरेको थियो । छोटो सुचनाको अवस्थामा पनि उक्त कार्यक्रममा पुनहरु लगायत अन्य नेपालीहरुको पनि उल्लेखनिय उपस्थिती रहेको सो कार्यक्रममा राष्ट्रिय आविस्कार केन्द्र नेपालका संस्थापक अध्यक्ष डा. महाबिर पुन ले राष्ट्रिय आविस्कार केन्द्रको उदेश्य र राष्ट्रिय आविस्कार केन्द्रले स्थापना कालदेखी अहिले सम्म गरेका कामहरुको बारेमा स बिस्तार जानकारी गराउनु भएको थियो ।






बेलायतबासी पुनहरुले पनि ब्यक्तिगत वा संस्थागत स्तर बाट राष्ट्रिय आविस्कार केन्द्रलाई आर्थिक सहयोग गर्दै आएका छन । उक्त कार्यक्रम मार्फत पुन समाज यु.के.ले राष्ट्रिय आविस्कार केन्द्र नेपाललाई आर्थिक सहयोग गर्न छुटेका ईच्छुक ब्यक्तिहरुलाई सहयोग गरिदिनु हुन अनुरोध गरेको थियो । डा. महाबिर पुन युरोपका अन्य देशहरुको भ्रमण् सकेर पुन बेलायत आएको अवसरमा संकलित सहयोग रकम २८९६।७० पाउन्ड ०३ जुन २०२२ को दिन पुन समाज यु.के. का अध्यक्ष धन बहादुर पुन लगायत समाजका अन्य ब्यक्तिहरुको उपस्थिमा राष्ट्रिय आविस्कार केन्द्र नेपालका संस्थापक अध्यक्ष डा. महाबिर पुन लाई हस्तान्तरण गरिएको छ् भने पुन समाज यु.के.को च्यारिटी नम्बर मार्फत बिभिन्न ब्यक्ती र सघ संस्थाहरु बाट आजको मिती सम्म करिब् २८०००.०० पाउन्ड संकलन भैसकेको छ ।




पुन समाज यु.के. का अध्यक्ष धनबहादुर पुन ले राष्ट्रिय आविस्कार केन्द्र नेपालको उदेश्यहरु प्राप्तिको लागि सानो भएपनी मद्त पुगोस भन्ने उदेश्य राखेर छोटो समयमा गरिएको आर्थिक संकलनमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगिहरुमा धन्यवाद ब्यक्त गर्दै नेपाल र नेपालीको लागि यती ठुलो कार्य गरेर नेपाल नेपाली र पुन समुदायको नाम उच्च राख्नु भएकोमा डा. महाबिर पुन लाई पुन समाज यु.के. को तर्फ देखी हार्दिक धन्यवाद सहित राष्ट्रिय आविस्कार केन्द्र नेपालको अझै उत्तोरोत्तर प्रगतिको कामना ब्यक्त गर्नु भएको थियो । डा.महाबिर पुन ०५ जुन २०२२ मा युरोपको भ्रमण् सकेर नेपाल फर्किनु हुनेछ । सन २००७ मा स्थापना भएर बेलायतको च्यारिटी कमिसनमा दर्ता भएको पुन समाज यु.के. ले बेलायत र नेपालमा आपद बिपद लगायत बिभिन्न परोपकारी कार्यहरु र पुन समुदायहरुलाई सेवा सहयोग गर्दै आएको छ ।

मेडिया टिम
पुन समाज यु.के.